# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५४५ चैत्र २०५८ वर्ष १८ अङ्क १२


## धम्मवाणी

*सब्बे सङ्खारा अनिच्चा'ति, यदा पञ्ञाय पस्सति ।*
*अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ॥*

**सबै प्रकारका संस्कृत अर्थात् बनेका चीजहरू अनित्य छन्, जब प्रज्ञा पूर्वक त्यसलाई हेर्दछ तब सबै प्रकारका दुःखबाट मुक्त हुन सक्छ । यहि विशुद्धिको मार्ग हो ।**

**भगवान मनुष्य तथा देवताका शास्ता हुनुहुन्थ्यो –**

**भगवानको सम्पर्कमा आएर आफ्नो कल्याण गरेका केहि उदाहरणीय ब्यक्तित्वहरू–**

### सारिपुत्र र मौद्‌गल्यायन

भगवानको समकालीन धर्माचार्यहरू मध्ये एकजना प्रसिद्ध आचार्य संजय, मगधको राजधानी राजगृहमा बस्दथ्यो । संजयका दुई सय पचास जना शिष्यहरू थिए, जसमध्ये सारिपुत्र र मौद्‌गल्यायन प्रमुख थिए ।

एकदिन परिब्राजक सारिपुत्रले राजगृहको नगरमा आयुष्मान अश्वजित भिक्षाटन गर्दै रहेको देखे । अश्वजित आफ्नो संयमित पाईला चालिरहेको थियो, उनको झुकेको आँखा, स्वच्छ सुसंगठित चीवर, शान्ति छाएको मुहारले महान शन्त झैं शान्तिपूर्वक भिक्षाटन गर्दै रहेको देखेर सारिपुत्र निक्कै प्रभावित भए, आकर्षित भए । उसले सोचे कि यो ब्यक्ति अरहन्त होला अथवा त्यस मार्गमा हिंडिरहेको होला । उनको बारेमा अधिक कुरा जान्ने उनको इच्छा भयो र सारिपुत्र उनको पछि पछि लागे । भिक्षा पूरा भए पछि अश्वजित एकान्त ठाऊँमा खाना खानको लागि बसे । त्यही अवसर पारेर सारिपुत्रले अगाडि गएर नमस्कार गर्दै सोधे कि तपाईंको चेहरा र इन्द्रीयहरू अत्यन्त शुद्ध र शान्त छन् । तपाईको आचार्य को हो ? तपाईं कसले सिकाउनु भएको धर्मको आचरण गर्दै हुनुहुन्छ ?

अश्वजितले भने कि म शाक्य कुलबाट प्रवजित भएका भगवान गौतम बुद्धका शिष्य हुँ र उनले बताउनु भएको धर्मको पालना गर्दैछु ।

सारिपुत्रले उनको मतको बारेमा सोधे, अश्वजितले भगवानको मतलाई संक्षिप्तमा यसरी ब्यक्त गरे–

**ये धम्मा हेतुप्पभवा, तेसं हेतुं तथागतो आह ।**
**तेसञ्च यो निरोधो, एवंवादी महासमणो ।**

*(महाव. ६०, सारिपुत्रमोग्गल्लानपब्बज्जा कथा)*

– जो कुनै कारणबाट उत्पन्न हुन्छ, त्यसको कारण तथागत बताउनु हुन्छ र त्यसको निरोध हुनुको कारण पनि बताउनु हुन्छ । यही महाश्रमणको वाद हो, यही कथन हो, यही शिक्षा हो ।

भगवान बुद्धको कुनै दार्शनिक मत र वाद त थिएन । उहाँ त एकजना ब्यावहारिक शास्ता हुनुहुन्थ्यो । परिब्राजक सारिपुत्र विपुल पूण्य-पारमीका धनी थिए । उसले तुरुन्त बुझे कि संसारमा जति पनि दुःख छन् त्यो विना कारण हुदैन । भगवान त्यस दुःख उत्पत्ति हुनुको कारण बताउनु हुन्छ यति मात्र होइन भगवान त्यसको निरोध अर्थात निर्मूल हुने साधना पनि सिकाउनु हुन्छ । म त यही खोज्दैछु, वास्तवमा यही चाहिएको हो, वाद विवाद बढाउने वाला मत-मतान्तर, मान्यता के कामको लागि ? अर्थपूर्ण शिक्षा त यही हो । सारिपुत्रलाई यी सबै बुझ्न सजिलै भयो । यो गाथा सुनेर उनको मन प्रीति सुखले भर्न थाल्यो । उनी भित्र अनित्य वोधिनी विपश्यना जाग्यो । उनको धर्म चक्षु खोल्यो, उसले अनुभव गर्न थाल्यो -

**यं किञ्चि समुदय धम्मं, सब्बं तं निरोधधम्मन्ति ।**

*(महाव. ६१, सारिपुत्रमोग्गल्लानपब्बज्जा कथा)*

यस प्रकार निरोध-निर्वाण अवस्थाको अनुभव गरेर सारिपुत्र स्रोतापन्न भयो । सारिपुत्र प्रसन्न भएर आफ्ना साथि मौद्‌गल्यायन समक्ष गए । उनलाई बितेको घटनाको सक्त जानकारी दिए । मौद्‌गल्यायन पनि पूण्य पारमीमा धनी ब्यक्ति थिए । सारिपुत्रको कुरा सुन्दा सुन्दै उनको धर्म चक्षु खोल्यो, उनले पनि निर्वाण अवस्थाको साक्षात्कार गरे, उनी पनि स्रोतापन्न भए । दुबै जनाले भगवानको दर्शन गर्ने निर्णय गरे । यी दुबैजनाले आफ्ना दुईसय पचास साथिहरूलाई आफ्नो अनुभव सुनाए । उनीहरू पनि संगै जाने निर्णय गरे । आफ्ना आचार्य संजय संग पनि छलफल गरे । संजय जान मानेन । सारिपुत्र र मौद्‌गल्यायन आफ्ना साथिहरू सहित भगवानको शरणमा गए र प्रवजित भए र छोटो अवधिमा नै अरहन्त अवस्था प्राप्त गरे । यस घटनाले सर्व साधारण मानिसहरूमा ठूलो असर पऱ्यो । प्रसिद्ध गृहस्थहरू भगवानको शरणमा आएर प्रबजित हुनथाले ।



Downloaded from http://www.dhamma.digital

केहिले भगवानलाई लान्छना पनि लगाए कि श्रमण गौतम आफ्नो सम्प्रदाय खडा गर्न अन्य सम्प्रदायका व्यक्तिहरूलाई फकाएर आफ्नो सम्प्रदायमा दिक्षित गर्दैछ । काश्यप बन्धुको एकहजार जटाधारि हरूलाई आफ्नो शिष्य बनाए । अब दुई सय पचास शिष्यहरूलाई आफ्नो शिष्य बनाउँदै छ । यसबाट पनि उनी सन्तोष भएको छैन । अब अनेक धनवान प्रसिद्ध गृहस्थहरूलाई प्रबजित गरेर आफ्नो सम्प्रदाय बढाउँदैछ । उनीहरूले निन्दनीय शब्दमा भन्ने गर्थ्यो कि यो श्रमण मानिसहरूलाई अपुत्र बनाउँदैछ, सधवाहरूलाई विधवा बनाउँदैछ, कुलको नाश गर्दैछ । भगवान मानिसहरूलाई सम्झाउँदै भन्नुहुन्थ्यो कि उनीहरू अबुझ छन्, भ्रममा परिरहेका छन् त्यसैले निन्दा गर्दछन् । चाँडै नै तिनीहरूको भ्रम हट्नेछ । साँच्चै त्यस्तै भयो कि भगवानको मंगलमय धर्म उनीहरूले पनी बुझ्न थाले ।

धर्म केवल भिक्षुरुका लागि मात्र थिएन–

भगवान मानिसहरूलाई घरवार छोडेर प्रवजित हुने शिक्षा दिनुहुन्छ भन्ने भ्रम मानिसहरूमा व्याप्त थियो जुन पछि निरर्थक साबित भयो । मानिसहरूले जब देख्न थाले कि भगवान केवल प्रबजित भएकाहरूलाई मात्र होइन गृहस्थहरूलाई पनि शिक्षा प्रदान गर्नु हुन्छ । भव मुक्तीको लागि निरन्तर साधनामा लागि रहनु अति आवश्यक छ यस्को लागि गृहस्थीमा भन्दा गृहत्यागी भएर अभ्यास गर्नु सुविधाजनक हुन्छ । सबैजना गृहत्याग गरेर हिंड्न सक्ने पनि थिएन । जो संग पूर्व जन्मको निष्क्रमण पारमी अधिक मात्रामा छ त्यस्तो व्यक्तिले गृह त्याग गरी प्रबजित भएर भगवानको शिक्षाको शिघ्र लाभ उठाए । कोही गृहस्थ भईकन पनि यथाशक्ति धर्मको जीवन यापन गरीरहे । गृहत्यागीहरू भन्दा गृहस्थ शिष्यहरूको संख्या अधिक संख्यामा थियो । जसरी गृहत्यागीहरू समाजका हरेक वर्ग र वर्णका व्यक्तिहरू थिए त्यसरी नै गृहस्थहरू समाजका विभिन्न तहका व्यक्तिहरू थिए । भगवानले सिकाउनु हुने धर्म सबैको लागि एउटै थियो । अनार्यलाई आर्य बनाउने – शील, समाधि र प्रज्ञाको आर्य अष्टाङ्गिक मार्ग, गृह त्यागी होस् या गृहस्थ, धनवान होस् या धनहीन, विद्वान होस् या अनपढ, ब्राह्मण होस् या शूद्र सबैकालागि समान थियो, सबैका लागि  कल्याणकारी थियो त्यसैले भगवानका शिष्यहरू मध्ये गृहस्थ पुरुष अथवा नारी सबैलाई सार्वजनीक थियो ।

त्यस समय गन्धार देखि अंग देशसम्मका सबै प्रदेशका मानिसहरू यस पावन धर्मबाट लाभान्वित भएका थिए । राजा देखि भिखारी सम्मका सबै सम्मिलित थिए । यसैबाट थाहा हुन्छ कि उनको धर्म सार्वजनीन छ, सार्वजनिक छ, बैज्ञानिक छ, तुरुन्त फलदिने खालको छ, कर्मकाण्ड र अन्ध विश्वासबाट मुक्त छ । अत: प्रत्येक समझदार व्यक्ति यस प्रति आकर्षित हुन्छन् । जस्ले घरबार छोडेर यसैमा जीवन बिताउने इच्छा गरे उनीहरू प्रबजित भए । बाँकी व्यक्तिहरू सद्गृस्थको जीवन यापन गरेर सक्दो अभ्यास गरेर लाभान्वित हुन्थे । वास्तवमा यिनीहरूको संख्या अधिक थियो ।

## अनाथपिंडिक

श्रीवस्तीबाट राजगृह आईपुगेका अनाथपिंडिकले जब लोकमा बुद्ध उत्पन्न भएको छ र भोली उनको सालोको घरमा भोजनकोलागि भगवान सहित संघलाई निमन्त्रणा गरेको छ भन्ने थाहा पाए, अनाथपिंडिक भगवानको दर्शन गर्न आत्तिए । छिटो भन्दा छिटो भगवानको दर्शन गर्न लालायित भए । रात भईसकेको थियो, भगवानलाई भेट्ने उचित समय थिएन । र भगवान नगर भन्दा बाहिर शीतवनमा विहार गरिहनु भएको थियो, सुर्य अस्ताउने बित्तिकै नगरका द्वार बन्द गरिसकेको थियो अत: भगवानलाई भेट्न सम्भव नै थिएन । भोली विहान सबेरै भगवानलाई भेट्न जाने इच्छा लिएर अनाथपिंडिक सुते । उज्यालो भयो भन्ने सम्झेर रातमा पटक पटक उठीरहे र मिर्मिरे हुनुभन्दा अगाडी नै उठेर श्मसान जाने ढोकाबाट निस्केर शीतवन पुगे । भगवान त्यससमय चंक्रमण गरिरहनु भएको थियो उसलाई देखेर भगवान आसनमा बस्नु भयो र उनलाई पुकार्दै भन्नुभयो– आऊ, सुदत्त ।

यही उसको सही नाम थियो, अनाथपिंडिक त उनको उपाधि मात्र थियो । अनाथ व्यक्तिहरूलाई नित्य भोजन दान दिने हुनाले अनाथपिंडिक भनिएको थियो । ओहो ! भगवानले मेरो नाम लिएर बोलाउँदै हुनुहुन्छ, हर्ष विभोर हुँदै शिर झुकाएर भगवानलाई सोधे, “भगवान तपाईं आज सुख पूर्वक सुत्नु भयो ?” भगवानले शान्तिपूर्ण वाणीमा उत्तर दिनु भयो–

“परिनिर्वाण प्राप्त व्यक्ति सदैब सुख पूर्वक सुत्छ ।” भगवानले उनलाई पूर्व जन्मका धर्मकथा सुनाउनु भयो, धर्म देशनाबाट उनको मन शान्त भयो, प्रसन्न भयो । त्यसपछि दु:ख सत्य, त्यसको उत्पत्ति, त्यसको निरोध र निरोध गामिनी प्रतिपदाका बारेमा बताउनु भयो । यी दु:ख सत्यको बारेमा सुन्दा सुन्दै उनको धर्म चक्षु खोल्यो, आफ्नो अनुभवले निरोधलाई थाहा पाए । उनले निर्वाण अवस्थालाई साक्षात्कार गरे, अनाथपिंडिक श्रोतापन्न भए । धर्म-चर्चा उनको लागि केवल बुद्धि विलासको विषय मात्र रहेन, उनले धर्मलाई स्वयं अनुभव गर्न थाले । भगवानको धर्ममा यसरी स्थापित भए कि अब उनलाई अन्य सहाराको आवश्यक नै भएन । भगवान प्रति अन्यन्त श्रद्धा विभोर भएर अर्को दिनको लागि भोजनमा आमन्त्रित गरे । भगवानले मौन रहेर स्वीकार गर्नुभयो । भोजनको प्रवन्ध सालोको घरमा नै गरियो । भोजन ग्रहण पछि भगवानले धर्मोपदेश गर्नु भयो तब अनाथपिंडिकले दुई हात जोडेर भगवान समक्ष प्रार्थना गरे कि भगवान भिक्षु संघ सहित अर्को वर्षावास श्रावस्तीमा बस्ने स्वीकार गर्नु होस् ।

भगवानले स्वीकार गर्नु हुँदै भन्नुभयो– “गृहपति, तथागत सून्यागारमा रहन मनपराउँछ ।” अनाथपिंडिक प्रफुल्लित भए ।

श्रावस्तीमा गएर भगवानको लागि विहार बनाउन उपयुक्त स्थानको खोजी गर्न थाले, विहार निर्माणको लागि स्थान शहर भन्दा धेरै टाढा पनि हुनुहुँदैनथ्यो धेरै नजीक पनि हुनु – हुँदैनथ्यो,



Downloaded from http://www.dhamma.digital

आवागमनको सुविधा भएको ठाउँ उपयुक्त थियो । धर्म सिक्न आउनेहरूका लागि सुगम हुनुपर्थ्यो। दिउँसो ज्यादै भीड नहुने, रातमा पनि हल्ला नहुने, जहाँ सुनसान वातावरण आवागमन कम भएको ठाऊँ ध्यानको अनुकूल हुन्थ्यो । यस्तो उपयुक्त ठाऊँ खोज्दै खोज्दै जाँदा जेत राजकुमारको वगैंचा सम्पूर्ण आवश्यकता अनुसार अनुकूल ठहऱ्यो। यो ठाऊँ किन्नको लागि अनाथपिंडिक जेत राजकुमार कहाँ गए। राजकुमार आफ्नो सुन्दर वगैंचा बेच्न चाहँदैनथे। अनाथपिंडिक जिद्दी गरिरहे पछि उनलाई टाल्नको लागि रीसले **कोटि सन्थर** भनेर मूल्य राखे । कोटि सन्थर को अर्थ थियो त्यस भूमिको एक छेउदेखि अर्को छेउ सम्म सुनका सिक्का विछ्याउनु, सुनका सिक्काले ढाक्नु ।

अनाथपिंडिकले तट्क्षणमा नै जमान पक्का गऱ्यो । नचाहेर पनि जेत राजकमुारले जग्गा बेच्नु पऱ्यो। उनले यति धेरै मूल्य त्यस जग्गाको आउला भन्ने सोचेकै थिएन। अनाथपिडिंकले गाडाहरूमा सुनका सिक्का भरेर बगैंचामा विछ्याउन थाले एक छेउदेखि भर्दै भर्दै ल्याउन थाले ।

जुन ठाँऊमा भगवान विहार गर्नु हुन्छ त्यहाँ भगवानको साथमा अनेक भिक्षुहरू पनि साधना गर्नु हुन्छ, यस्तो तपोभूमिको मूल्य अमूल्य हुन्छ । अनाथपिंडिकलाई त्यो मूल्य पनि कम लाग्यो। जस्ले स्वयं धर्म रसको स्वाद लिईसक्यो उसको मनमा यस्तो भाव आउनु स्वाभाविक नै थियो कि धर्म रसको स्वाद सबैले लिउन। जहाँ भगवान स्वयं रहनु हुन्छ त्यहाँ मानिसहरूलाई धर्म प्राप्त गर्नु त अत्यन्त सजिलो हुन्छ। उनले अत्यन्त प्रसन्न चित्तले जेतवनमा सुनका मोहरले भर्न थाले, उनी खुसीले गद्‌गद् थिए, आफ्नो सम्पत्तिको सही सदुपयोग हुन थालेकोमा प्रसन्न थिए।

राजकुमार, यो घटना हेरिरहेका थिए । सुनका सिक्काहरू बिछ्याइरहेको देखेर अचम्म मानिरहेका थिए। सोच्न थाले कि-साँच्चै यहाँ कुनै महत्वपूर्ण कार्य हुँदैछ होला नभए यो सेंठले आफ्नो सम्पत्ति किन यसरी खर्च गर्थ्यो । सनु विछ्याउन केही ठाऊँ बाँकि थियो अनाथपिंडिकले फेरी ल्याउन अह्राउँदै थियो, जेतकुमारले हतपत अनाथपिंडिकलाई रोके- हड भयो गृहपति अब बाँकि भागमा नभर, सुन नविछ्याउ, मलाई दान दिने अवसर देऊ ।

जेत कुमारको कुरा सुनेर अनाथपिंडिकले स्वीकार गऱ्यो, नगरको प्रमुख ब्यक्ति राजकुमारको यस्तो पूण्यकार्यमा सहभागी हुनु पनि उपयुक्त नै थियो ।

अनाथपिंडिकले त्यस बहुमूल्य जमीनमा विहार बनाए प्रवेश द्वारा, कोठाहरू, सभागृह, पानी तताउने, अग्निशाला, भण्डारघर, शौचालय, चंक्रमण गर्ने खूल्ला ठाऊँ, खाने पानीको ब्यवस्था, स्नानागार, पोखरी बनाए जस्बाट हजारौं संख्यामा भिक्षु तथा साधकहरू भगवानको सानिध्यमा सुविधापूर्वक ध्यान गर्न सकून्। भगवानको यस परम श्रद्धालु गृहस्थ शिष्यले सदाको लागि दानको इतिहासमा एउटा अतुलनीय उज्वल किर्तिमान स्थापित गरे ।

## सोपाक

श्रावस्तीको एक दरिद्र महिला गर्भवती थिईन्। सोपाक उनको गर्भमा नै थिए। गर्भवती आमा वेहोश भएर भूईंमा लडिरहिन्, सबैले मरिसकी भन्ने थानेर श्मसानमा फालिदिए। त्यहाँ केही क्षण होशमा आईन् र बालक सोपाक लाई जन्म दिईन्। प्रसव पछि उनको त्यहीं निधन भयो। बालक सोपाकलाई उनको पिताले नै हेरविचार गर्न थाले । सोपाक चार महिनाको हुँदा उनको पिताको पनि देहान्त भयो। त्यसपछि उनको काकाले हेरविचार गर्न थाले। काका अत्यन्त चण्ड स्वभावका थिए। सा-साना कुरालाई लिएर सोपाकलाई पिट्ने गर्दथ्यो। सोपाक सात वर्षको हुँदा एउटा कुरालाई लिएर उनको काका यति रिसाए कि उनलाई श्मशानमा लगेर एउटा लाशसंग बाँधेर छोडिदिए ता कि स्यालले मूर्दा संगै उसलाई पनि खाओस्। सदाको लागि उनीबाट मुक्ती पाउने उपाय सोचेर त्यहाँ छोडे ।

असहाय सोपाक रातमा चिल्लाउँदै रोईरहे, उनको क्रन्दन सुन्ने त्यहाँ कोही पनि थिएन, रुँदै रह्‌यो। भगवानलाई उनको दयनीय अवस्थाको बारेमा जानकारी भयो र भगवान त्यहाँ जानुभई उसलाई खोलिदियो र आफ्नो शरणमा प्रब्रजित गर्नु भयो। सोपाकले साधना गर्दै गए र अरहंत अवस्था प्राप्त गरे। आफ्नो मुक्तिको उल्लासमा हर्ष पूर्ण अउद्‌गार व्यक्त गर्दै भन्यो जसरी आफ्नो एक्लो छोरो प्रति कुशल मंगलको भावना राख्छ त्यसरी नै सबै प्राणी प्रति कुशल मंगलको भावना राखुन् ।

## महाराज प्रसेनजित

महाराज प्रसेनजित कोशल राज्यको स्वामी थिए। शाक्यहरूको जनतन्त्र कपिलवस्तु पनि कोशलको अधीनमा थियो। त्यस्तै कोलिय, मल्ल, मौर्य र कालामा प्रदेश पनि कोशल राज्यको अधीनमा थियो।

भगवानसँग पहिलो पल्ट भेट् हुँदा नै अन्यधर्माचार्यहरूको तुलनामा भगवानको उमेर कम भएकोले उहाँले प्राप्त गर्नु भएको बुद्धत्व प्रति संदेह प्रकट गरेको थियो। तर पछि भगवानले दिनु भएको उत्तर सुनेर सन्तुष्टि प्रकट गरेको थियो राजा प्रसेनजितले ।

भगवान प्रति उनको श्रद्धा बढ्दै गयो। अनन्य श्रद्धा पुष्ट हुनुमा केहि समय लाग्यो। राजा प्रसेनजितमा भन्दा उनकी रानी मल्लिकामा भगवान प्रति श्रद्धा छिटो जाग्यो । एक पटक भगवानले दिनु भएको धर्म उपदेश सुनेर मल्लिकाले अनुमोदन गरे, यो देखेर राजा प्रसेनजितलाई रिस उठ्‌यो र रिसाएर भन्यो, "मल्लिका तिमी भगवानले वताउनु भएको प्रत्येक कुराको अनुमोदन गर्दैछौ, तिमी उनको अन्ध भक्त हुँदैछौ, तेरो नाश होस् ।"

आफ्नी श्रीमतीलाई बुद्धको भक्त भएको कारण नाश होस् भनेर श्राप दिएका राजाले एक पटक भगवानको परिक्षा लिने दुस्साहस पनि गरेका थिए । भगवान विशाखाले निर्माण गरिएको पूर्वाराम विहारको बाहिर बसिरहेका थिए, प्रसेनजित उहाँलाई भेट्न गए। त्यसै समयमा सात जना जटाधारी मानिसहरू, सात जना नग्न मानिसहरू, सात जना एकवस्त्रधारी र सात जना परिब्राजकहरू नजिकैबाट आइरहेको थियो प्रसेनजितलाई थाहा थियो कि ती सबै उनैको जासूसी व्यक्तिहरू हुन्।



Downloaded from http://www.dhamma.digital

भगवानको परिक्षा लिंदै थियो, प्रसेनजित ती ब्यक्तिहरू तर्फ फर्केर उनीहरूलाई नमस्कार गर्दै भगवानलाई भने कि यी सबै अरहन्त तथा अरहन्त गामी ब्यक्तिहरू हुन् ? भगवानले यसको उत्तर दिंदै भन्नु भयो, "होईन, यीनीहरू त कामभोगी गृहस्थ ब्यक्तिहरू हुन् ।" प्रसेनजितले भगवानको कुरालाई तुरून्त स्वीकार गर्नुपऱ्यो ।

प्रसेनजित भगवानको उमेरका व्यक्ति थिए, सानै उमेरदेखि दुईको सम्पर्क भएको थियो । अस्सी बर्षको उमेरसम्म दुवै संग संगै रहेको थियो । अन्य धर्माचार्यहरूको तुलनामा भगवानको महानता देखेका थिए । उनी आश्वस्त थिए, भगवानप्रति उनको अब गहिरो श्रद्धा थियो, श्रद्धा विह्वल भएर भगवानको चरणमा आफ्नो शीर राखेर एक पटक भनेको थियो – "भन्ते, म कोशलको राजा प्रसेनजित हुँ, म कोशलको राजा प्रसेनजित हुँ ।"

यस्तो अद्‌भुत श्रद्धा प्रकट गर्नुको कारण भगवानले सोध्नु भयो । उत्तरमा उनले भने – भन्ते, भगवानसंग मेरो धर्मको सम्बन्ध छ ।
**सम्मासम्बुद्धो भगवा** – भगवान सम्यक सम्बुद्ध हुनुहुन्छ ।
**स्वाक्खातो भगवता धम्मो** – भगवानको धर्म सुआख्यात छ ।
**सुप्पटिपन्नो भगवतो सावकसङ्घो** – भगवानको श्रावकसंग सुप्रटिपन्न छ ।
भगवान पनि क्षत्रिय हुनुहुन्छ, म पनि क्षत्रिय हुँ ।
भगवान पनि कोशलदेशको हुनुहुन्छ, म पनि कोशल देशकै हुँ ।
भगवान पनि अस्सी वर्षको हुनुभयो, म पनि अस्सी वर्षको छुँ ।

यस घटनाको केही समय पछि नै कोशल नरेशको देहान्त भयो । जीवनको अन्तिम समयसम्म नै भगवानको प्रति परम श्रद्धालु बनीरहे ।

## धम्म जननीको सूचना

लुम्बिनी विपश्यना केन्द्र, "धम्म जननी" मा प्रत्येक अंग्रेजी महिनाको १५ देखि २६ तारिक सम्म दश दिवसीय विपश्यना शिविर सञ्चालन गरिने भएको छ । करिब ४० जना साधक साधिकाहरूका लागि आवश्यक धम्महल, निवास नयाँ ट्वाइलेट आदिको निर्माण कार्य पूरा भइसकेको छ । शिविरमा सहभागी हुन इच्छुक ब्यक्तिहरूले निम्न स्थानमा सम्पर्क राख्नु होला ।

१. लुम्बिनी विपश्यना केन्द्र, धम्म जननी ०७१-८०२८२
२. गोपाल बहादुर पोखरेल, बुटवल ०७१-४१५४९

# धर्म गाथा

### हिन्दी

संपद-मीत अनेक हैं, बिपद-मीत सो मीत ।
स्वजन पराए की सदा, बिपदा परखे प्रीत ॥

जो अपने कल्याण में, सदा सहायक होय ।
धर्मपंथ पर साथ दे, सही मित्र है सोय ॥

मित्र वही जो कष्ट में, देवे हाथ बढाय ।
मित्र वही जो प्यार से, गलती देय बताय ॥

मत दुर्जन का संग कर, दुर्जन दुखकर होय ।
पूण्यकर्म क्षण-क्षीण हो, पाप प्रवर्धित होय ॥

सतसंगत मंगलकरण, सतसंगत सुख-मूल ।
सतसंगत जागे धरम, उखडे पाप समूल ॥

कभी न मन अभिमान हो, हो मित्रों का मान ।
ऐसे सुखी गृहस्थ का, घर हो स्वर्ग समान ॥

मंगल कामना सहित
**भाजुरत्न फर्मा**
विरगञ्ज

### हिन्दी

अन्न वस्त्र गृह दान दें, औषधि बिद्या दान ।
पर इन सबसे श्रेष्ठ है, शुद्ध धर्म का दान ॥

वस्त्र देय जो नग्न को, भूखे को दे अन्न ।
औषधि दे जो रुण को, देकर होय प्रसन्न ॥

अपने पावन दान में, कालिख ना लग जाय ।
मंगलकारी दान से, चित्त मोद अधिकाय ॥

त्याग धर्म का मूल है, दान सुखों का कोष ।
पूण्य क्षेत्र में दान दें, मिले अमित संतोष ॥

चित्त को जो निर्मल करे, सो ही पूण्य कदाय ।
जो चित्त को मैला करे, वही पाप बन जाय ॥

ज्यू ज्यूँ अपने पूण्य से, वहुजन हितसुख होय ।
त्युँ त्यूँ अपने पूण्य की, वेल पल्लवित होय ॥

मंगल कामना सहित
**भाजुरत्न फर्मा**
विरगञ्ज

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ३७१६५५, ३७१००७ *चैत्र २०५८*
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : २-२५४९०, २-२३९६८, २-४८९४९, २-५०५८१
*मुद्रक :* न्यू नेपाल प्रेस, प्रधान कार्यालय फोन : ४३४ ८५०, ४३४ ७५३; शाखा कार्यालय फोन : २५ ९० ३२, २५९४५०, फ्याक्स : (+९७७-१) २५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२

साधकको नाम : ..........................................

ठेगाना : ..........................................

..........................................

..........................................

● आजीवन शुल्क रू. ४००/-
● वार्षिक शुल्क रू. २५/-



Downloaded from http://www.dhamma.digital